लुङग्री गाउँकार्यपालिकाको वैठक मिति २०८१/०३/१० वैठक संख्याः २०

# संवत् २०८१ साल असार १० गते बसेको दोस्रो कार्यपालिकाको २०औं बैठकका निर्णयहरुः

बैठकका प्रस्तावहरूः

१. अघिल्लो कार्यपालिका बैठकहरुका निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. आ.व. २०८१/०८२ को म.ख.स. सम्बन्धमा ।

३. आ.व. २०८१/०८२ को म.ख.स. सहितको वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

बैठकका निर्णयहरुः

१. अघिल्लो कार्यपालिका बैठकमा गरिएका निर्णय उपर छलफल गरी समीक्षा गरियो।

२. **आ.व. २०८१/०८२ को म.ख.स. सम्बन्धमाः** बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको आ.व. २०८१/०८२ को मध्यमकालीन खर्च संरचना उपर आवश्यक छलफल गरी स्वीकृत गर्ने ।

३. **आ.व. २०८१/०८२ को म.ख.स. सहितको वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमाः** आ.व. २०८१/०८२ को मध्यमकालीन खर्च संरचनालाई अनुमोदनको निमित्त वार्षिक बजेट तथा कार्यक्रमको साथमा गाउँ सभामा पेश गर्ने ।

४. **विविध सम्बन्धमाः**

क. **अस्पतालको जग्गाको लागि बाटो सम्बन्धमाः** जग्गाधनीहरूले १५ शैया अस्पताल निर्माणका लागि निःशुल्क जग्गादान दिने मञ्जुरीनामा भएको, आवश्यक कागजात सहित भूमि व्यवस्थापन तथा अभिलेख विभाग हुँदै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा समेत पेश भएको, अस्पतालको जग्गा कालोपत्रे सडक देखी नजिकै भएको र उक्त स्थान सम्म जानको लागि बाटोको निकासको साथै बजेटको पनि सुनिश्चितता गरिएको हुनाले अस्पतालको जग्गा सम्मको लागि मोटर बाटो निर्माण गर्ने ।

ख. **गोकुल मा.वि., सिर्प सम्बन्धमाः** गोकुल मा.वि., सिर्पमा आइ. एस्सी. एजी. संचालनका लागि सम्बन्धित विद्यालयलाई स्वीकृती दिने ।

ग. **पाङ सामुदायिक स्वास्थ्य इकाईको जग्गा सम्बन्धमाः** पाङ सामुदायिक स्वास्थ्य इकाईको जग्गा व्यवस्थापन गर्नको लागि सम्बन्धित वडाका वडा अध्यक्ष श्री गणेश पुनलाई जिम्मा दिने ।

घ. **सामाजिक मा. वि. जतुङ्गखोला सम्बन्धमाः** सामाजिक मा. वि., जुतुङ्गखोलामा कक्षा १२ संचालन गर्न सम्बन्धित विद्यालयलाई स्वीकृती दिने ।

ङ. **नम्जा आधारभूत स्वास्थ्य केन्द्रको जग्गा सम्बन्धमाः** नम्जा आधारभूत स्वास्थ्य केन्द्रको जग्गा प्राप्ति गर्न लुङ्ग्री गाउँपालिका, वडा नं. ४ का जग्गाधनी श्री झक्कु खड्काको नाममा मालपोत कार्यालय लिवाङमा रहेको कि.न. ७२८ बाट ५१० वर्ग मिटर उत्तर तर्फ र पूर्व तर्फ कच्ची

लुङग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बडाचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल स्था.२०७३

मोटर बाटोले छोएको जग्गा सम्बन्धित वडाका युवा क्लब, आमा समूह, बाल क्लब र समाजका समाजसेवी बुद्धिजीवीहरूले रकम संकलन गरी उक्त जग्गा रु. २,१४,२००।०० (अक्षरेपि दुई लाख चौध हजार दुई सय रुपैयाँ मात्र) मा खरिद गरी आधारभूत स्वास्थ्य सेवा केन्द्रको नाममा लिखत पारित गर्ने भनि सम्बन्धित वडाको वडा समितिको बैठकले निर्णय गरे बमोजिम उक्त जग्गा स्वास्थ्य केन्द्रको नाममा दर्ता गर्नको लागि मालपोत कार्यालय, लिवाङमा सम्बन्धित वडाको आधिकारिक प्रतिनिधि तोकि पठाउने ।

च. **गोठेचौर सामुदायिक स्वास्थ्य इकाईको जग्गा सम्बन्धमाः** गोठेचौर सामुदायिक स्वास्थ्य इकाईको जग्गा व्यवस्थापनको लागि सम्बन्धित वडाका वडा अध्यक्ष श्री नेम बहादुर खड्कालाई जिम्मा दिने ।

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

निर्णय प्रमाणित गरिएको छ।

भरत कुमार थापा
गा.पा. अध्यक्ष